किपू नगरपालिका
# कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ
बागमती प्रदेश, नेपाल ।

पत्र संख्याः २०८१।०८२
च.नं.: ३३६

मितिः २०८१।०७।२८

कीर्तिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कीर्तिपुर, काठमाडौं २०७३

श्री वडा कार्यालयहरु ( सबै )
कीर्तिपुर नगरपालिका , वर्खाहिर्टी

विषयः रोजगारमुलक आयोजनाहरु पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा "प्रधानमन्त्री रोजगार कार्यक्रम" अन्तर्गत आ.व.२०८१/०८२ का लागि यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारी प्रदान गर्न रोजगारमुलक आयोजनाहरू आवश्यक परेको हुँदा नेपाल सरकारको श्रोतबाट सञ्चालन हुने आयोजनातर्फ "प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालननिर्देशिका,२०७५" को दफा ७० र "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७" को दफा ४ मा उल्लेखित क्षेत्र भित्र परेको आयोजनाहरू र विश्व बैंकको श्रोतबाट सञ्चालन हुने आयोजनातर्फ "रोजगारीका लागि रुपान्तरण पहलआ योजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६को दफा २९ मा उल्लेखित आयोजनाहरू दफा ३० र ३१ बमोजिम तहाँ वडा समितिमार्फत छनोट गरी सिफारिस सहित ७ दिन भित्र यस कार्यालयको रोजगार सेवा केन्द्रमा पठाउन हुन अनुरोध छ।

(नोटः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ७०, "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७" को दफा ४ र "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९ संलग्न छन् । साथै "प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५", "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७", "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ र एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८० www.pmep.gov.np मा उपलब्ध छ ।)

.....................................
माधवप्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

किपू नगरपालिका

# कीर्तिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ
बागमती प्रदेश, नेपाल ।


पत्र संख्याः
च.नं.:

मितिः ..............................

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० अनुसार रोजगार आयोजनाका सम्भावित क्षेत्रहरूः

१) कृषि सहकारी तथा पशु विकासः शीत भण्डार निर्माण, कृषि उपजहरूको प्रोसेसिङ्ग, प्लान्ट निर्माण, परम्परागत र प्लाष्टिक पोखरी निर्माण, कृषि उपजको संकलन तथा बेचबिखन केन्द्र निर्माण, पर्ति जग्गामा खेती, खाली जगामा फलफूलका विरुवा रोप्ने, सामूहिक तथा सहकारी खेती, व्यवसायी खेती तथा पशुपालन, कृषि, वन कार्यक्रम, सहकारी संस्थाहरू आदि ।

२) उर्जा सिंचाइ तथा नदी नियन्त्रणः कुलो, बाँध, पैनी तथा नहर निर्माण एवं मर्मत सम्भार, जल विद्युत आयोजना र ट्रान्समिसन लाईन निर्माण मर्मत तथा सम्भार, नदी नियन्त्रण, पहिरो नियन्त्रण आदि ।

३) खानेपानी तथा सरसफाइः मुहान संरक्षण, पाइप विछ्याउने, ट्यांकी निर्माण, धारा निर्माण, सरसफाइ अभियान, शौचालय निर्माण, ढल निर्माण तथा मर्मत सम्भार आदि ।

४) बन तथा वातावरणः वृक्षारोपण, वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत थिनिङ्ग, प्रुनिङ्ग, अग्नि रेखा निर्माण लगायतका कार्यहरू, खाली जग्गामा फलफूलका विरुवा रोप्ने, सडक र नदी खोला किनारामा रुख रोप्ने, गैर काष्ठजन्य वन पैदावर उत्पादन, व्यवसायिक निजी वन, निजी वन नर्सरी, जडिबुटी खेती, प्रशोधन र बजारीकरण, कृषि वन, वन पैदावरमा आधारित उद्योग स्थापना, बायोइन्जिनियरिङ्ग प्रविधि संरक्षण पोखरी निर्माण, वातावरण संरक्षण तथा जलबायु अनुकुलन आदि ।

५) पर्यटन प्रवर्द्धनः पर्यटकीय पदमार्ग, पर्यटन मार्गको निर्माण तथा मर्मत सम्भार, होटल तथा रेष्टुरेण्ट व्यवसायको प्रवर्द्धन, पर्यटन मार्गमा सेड निर्माण तथा होमस्टे लगायतका ग्रामिण पर्यटन, पर्यापर्यटन आदि ।

६) सडक यातायातः सबै प्रकारका सडक,बस पार्क, पुल, कल्भर्ट आदिको निर्माण तथा मर्मत सम्भार।

७) शिक्षा युवा तथा खेलकुदः साक्षरता अभियान, कम्यूटर शिक्षा, विद्यालय खेलकुद् कार्यक्रम र खेल मैदान, कभर्ड हल, स्टेडियम, विद्यालय भवन, पुस्तकालय आदि संरचनाको निर्माण तथा मर्मत सम्भार ।

८) पुनःनिर्माणः सार्वजनिक, निजी भवन निर्माण, पुरातात्विक सम्पदाको पुनःनिर्माण आदि ।

९) सामुदायिक पूर्वाधार निर्माणः पुस्तकालय, वाचनालय, जेष्ठ नागरिक क्लब, सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार आदि ।

१०)ठूला तथा राष्ट्रिय गौरवको आयोजनाः स्थानीय स्तरमा हुने निर्माण तथा मर्मत सम्भार लगायतका श्रममुलक कार्यहरू (माटोको काम, ग्याबियन वाल, ढुङ्गा काट्ने, नाली बनाउने आदि ।

११)सूचना तथा संचार प्रविधिः नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय तथा निकायहरू, प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरू, स्थानीय तहहरू र बैंक तथा वित्तिय संस्थाहरूको अभिलेख डिजिटाइजेशन गर्ने, विजिनेस प्रोसेस, आउटसोर्सिङ्ग र आइटी इनेवलिङ्ग सर्भिसेस आदि ।

प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०१-४३३१८०५, ४३३१६९३, फ्याक्स नं.: ९७७-१-४३३१३८१

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९ अनुसार आयोजनको ढाँचाः

(१) आयोजनाका लाभग्राहीहरुलाई रोजगारिमा संलग्न गराउन देहाय बमोजिमको क्षेत्रमा सार्वजनिक पुर्वाधार मर्मत, सम्भार तथा सुधार सम्बन्धी आयोजना सञ्चालन गर्न सकिनेछः

क) सडक मर्मत सम्भारः

- स्थानिय तहभित्रका बस्ती , स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाँउ वा नहर जाड्ने सडकको मर्मत सम्भार ।

ख) कृषि तथा सिँचाईः

- सिँचाईका लागि कुलो तथा पैनीको मर्मत सम्भार,
- पोखरी तथा पानीको मुल संरक्षण एवं मर्मत तथा सम्भार,
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणको लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको मर्मत सम्भार ।

ग) ग्रामिण खानेपानीः

- खानेपानी आयोजनाहरुको मर्मत सम्भार ।

घ) स्वास्थ्य तथा सरसफाईः

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुती गृहको मर्मत सम्भार,
- सार्वजनिक शौचालय मर्मत,
- फोहोर व्यवस्थापनका ब्यवस्थापनका पूर्वाधारको मर्मत सम्भार ।

ङ) शिक्षाः

- सरकारी विद्यालय भवन,सार्वजनिक विद्यालय तथा विद्यालय परिसरमा शौचालय, खानेपानीको धारा, खेलमैदानको मर्मत सम्भार ।

च) वन तथा जलाधारः

- फलफुलको बिरुवा रोपण, वृक्षारोपण तथा वन जल संरक्षण,

प्रमुख प्रशासकीय अधिकृत

- पहिरो तथा वाढी नियन्त्रण तथा सो को पूर्वाधारको मर्मत,
- साना वाधको मर्मत सम्भार।

छ) पर्यटनः

- पदमार्ग , पर्यटकीय क्षेत्र तथा सार्वजनिक स्थलहरुको मर्मत ।

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ को दफा ४ अनुसार आयोजना सञ्चालनका क्षेत्रहरूः

यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरू भित्र पर्ने आयोजना मात्र छनोट गर्नु पर्ने छ।

क) सडक मर्मत तथा मर्मत सम्भार

१. स्थानीय तह भित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार,
२. राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

ख) कृषि तथा सिंचाई

१. सिंचाईका लागि कुलो तथा पैनीको निर्माण एवं मर्मत सम्भार,
२. पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार,
३. कृषि तथा पशपंक्षीजन्य उत्पादनको भण्डारण तथा बिक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफूल संकलन तथा बिक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार ।

ग) ग्रामीण खानेपानी

१. खानेपानी आयोजनाहरूको निर्माण, पाइपलाइन विस्तार तथा मर्मत सम्भार ।

घ) स्वास्थ्य तथा सरसफाई

१. सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुती गृह निर्माण तथा मर्मत सम्भार
२. सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार

प्रमुख प्रशासकीय अधिकृत

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाडौं
२०७३

३. फोहोर व्यवस्थापनका पूर्वाधारहरूको निर्माण तथा मर्मत सम्भार

ङ) शिक्षा

१. सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खानेपानीको धारा, खेलमैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार ।

च) वन तथा जलाधार

१. फलफुलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण,
२. पहिरो तथा नदी नियन्त्रण,
३. साना बाँध निर्माण ।

छ) पर्यटन

१. पद्मार्ग निर्माण तथा मर्मत सम्भार,
२. पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण,
३. उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण ।

(२) आयोजनाबाट देहायका सार्वजनिक सेवाका कार्यहरू समेत कार्यान्वयन गर्न सकिनेछ ।

क) बालबालिका तथा जेष्ठ नागरिक स्याहार सम्बन्धी सेवा,

ख) खेलकुद् क्रियाकलाप सम्बन्धी सेवा,

ग) बालबालिकाको प्रारम्भिक शिक्षा सम्बन्धी सेवा,

घ) स्थानीय तहमा गरिने विभिन्न अभियान तथा सचेतनाका क्रियाकलापहरू ।

(३) आयोजनाको वित्तिय श्रोतबाट देहायका क्रियाकलापहरू कार्यान्वयन गर्न सकिनेछैन ।

क) उपदफा (१) र (२) मा उल्लेख गरिएको भन्दा फरक ढाँचाको तथा स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रममा समावेश नभएका आयोजना,

ख) भूमि अधिग्रहण तथा पुनर्वास आवश्यक पर्ने आयोजना,

प्रमुख प्रशासकीय अधिकृत

किपू नगरपालिका
# कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ
बागमती प्रदेश, नेपाल ।

पत्र संख्याः
च.नं.:
मितिः ...............................

ग) पुरातात्विक महत्वका सम्पदालाई नकारात्मक प्रभाव पर्ने आयोजना,

घ) संरक्षित क्षेत्र तथा वातावरणीय जोखिममा रहेका आयोजना,

ङ) भुस्खलन हुन सक्ने, जैविक विविधतामा ह्रांस ल्याउने, खानेपानीको गुणस्तर तथा परिमाणलाई घटाउने तथा वातावरणलाई नकारात्मक प्रभाव पर्ने आयोजना,

च) मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा जोखिम सिर्जना गर्ने र

छ) यस कार्यविधिको परिच्छेद (१५) बमोजिमको वातावरणीय तथा सामाजिक व्यवस्थापन खाकाले कार्यान्वयन गर्न योग्य नरहेको भनी निक्र्यौल गरेका आयोजना ।

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संञ्चालन तथा व्यवस्थापना कार्यविधि,२०७७),(प्रथम संशोधन) को दफा ४ को उपदफा २(क) अन्तर्गत विभिन्न बिपद्को अवस्थामा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई परिचालन गरि तत्काल राहत तथा बिपद् न्युनिकरण गर्न कार्यपालिकाले निर्णय गरी उपदफा (२) बमोजिमको मर्मत सम्बन्धी रोजगार आयोजना सञ्चालन गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०१-४३३०८०५, ४३३०९५३, फ्याक्स नं.: ९७७-१-४३३१३८१